# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सः-०७७/०७८

च.नः-

मितिः२०७८/०३/०८

**Bachelor in Information Technology (BIT) र Bachelor in Sports Management (BSM)**

**<u>तहमा विद्यार्थी भर्ना सम्बन्धी सुचना</u>**

शैक्षिक वर्ष २०७८/२०७९ का लागि यस गण्डकी विश्वविद्यालय, पोखरा, कास्कीमा सञ्चालन हुने स्नातकत तहका कार्यक्रमहरुमा अध्ययन गर्न चाहने र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुका लागि आवेदन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ। आवेदन फाराम विश्वविद्यालयको वेबसाईटमा गई Online भर्न सकिनेछ । आवेदनका साथमा आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, नागरिकता प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो तथा आवेदको हस्ताक्षरको नमूना संलग्न हुनु पर्नेछ । साथै, नेपाल बाहिरका विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेको आवेदकहरुले समानान्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ ।

**१. आवश्यक न्यूनतम योग्यताः**

**क) Bachelor in Information Technology (BIT):** सम्बन्धित विद्यार्थीले SEE (Secondary Education Examination) वा सो सरहको उपाधि हासिल गरि कक्षा11 / 12 मा (National Education Board: NEB) परीक्षा नेपालबाट सञ्चालित कुनै पनि विषयमा वा सो सरहका विषयमा कम्तिमा द्धितीय श्रेणी (५० प्रतिशत भन्दा माथि) अथवा C+ ग्रेड अथवा2.0 CGPA प्राप्त गरि वा Cambridge University बाट लिइने परीक्षामा A Level वा Council For Technical Education and Vocational Training (CTEVT), नेपालबाट सञ्चालित कुनै पनि विषयमा Diploma तह उत्तीर्ण गरेको वा गण्डकी विश्वविद्यालयको मान्यता प्राप्त वा नेपालको अन्य विश्वविद्यालयबाट मान्यता प्राप्त कलेज तथा Academic Institutions बाट Intermediate वा सो सरहको डिग्री हासिल गरेको हुनुपर्ने ।

**ख) Bachelor in Sports Management (BSM):** सम्बन्धित विद्यार्थीले SEE (Secondary Education Examination) वा सो सरहको योग्यता हासिल गरि कक्षा 11 / 12 मा (National Education Board:NEB) नेपालबाट सञ्चालित कुनै पनि विषयमा वा सो सरहका विषयमा

# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सः-०७७/०७८

च.नः-

कम्तिमा द्वितीय श्रेणी अथवा D ग्रेड अथवा 1.6 CGPA प्राप्त गरि वा Cambridge University बाट लिइने परीक्षामा A Level वा Council For Technical Education and Vocational Training (CTEVT), नेपालबाट सञ्चालित कुनै पनि विषयमा Diploma तह उत्तीर्ण गरेको वा गण्डकी विश्वविद्यालयको मान्यता प्राप्त वा नेपालका विश्वविद्यालयहरुवाट मान्यता प्राप्त कलेज तथा Academic Institutions बाट Intermediate वा सो सरहको डिग्री हासिल गरेको हुनुपर्नेका साथै दरखास्तवाला व्यक्ति शारिरीक रुपमा तन्दुरुस्त हुनुपर्ने छ ।

२. **अनलाईन आवेदन दिने मिति र समयः** आवेदन फाराम २०७८ असार ९ गते देखि श्रावण ११ गतेसम्म www.gandakiuniversity.edu.np मा log in गरी Online बाट भर्न सकिनेछ । Online आवेदन प्रक्रियमा कुनै कठिनाई भएमा admission@gandakiuniversity.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । अनलाईन आवेदनका साथ तोकिएको सक्कल कागजात तथा प्रमाणपत्रहरुको राम्ररी scan गरिएको ecopy संलग्न गर्नु पर्नेछ । कोटाको लागि तोकिएको कागजात आवेदन साथ संलग्न गरिनु पर्नेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारवाही गरिने छैन् ।

३.**आवेदन तथा प्रवेश परीक्षा शुल्कः** यस विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने स्नातकतहको BIT वा BSM कार्यक्रममा आवेदन दिनको लागि रु.२०००/- (अक्षरुपी दुई हजार मात्र) ईसेवाबाट अनलाईन नै भुक्तानी गर्नुपर्नेछ । योग्य र ईच्छुक आवेदकले BIT वा BSM कार्यक्रम मध्ये कुनै एक वा दुबै कार्यक्रममा आवेदन दिन सक्नेछन् । हरेक कार्यक्रमको छुट्टाछुट्टै अनलाईन फारम र शुल्क भुक्तानी गर्नु पर्नेछ । रितपूर्वक नपठाएको वा अन्य कुनै कारणले आवेदन रद्ध भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन् ।

न्यून्तम योग्यता पुरा गरि रीतपूर्वक प्राप्त आवेदनहरुको निरीक्षण गरि भर्ना समितिले परीक्षार्थीहरुको नामावली परीक्षा संचालन मिति भन्दा कम्तिमा दुई दिन अगाडी वेब साईटमा प्रकाशन गरिनेछ ।

परीक्षार्थीले आफ्नो प्रवेशपत्र परीक्षा समितिबाट प्रवेश परीक्षा हुनु अगाडिनै संकलन गरि सक्नु पर्नेछ । विद्यार्थी भर्नाका लागि लिईने प्रवेश परीक्षा सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु विद्यार्थी भर्ना समितिले गर्नेछ । प्रवेश परीक्षाको परीक्षाफल परीक्षा संचालन भएकै मितिमा गरिनेछ ।

# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सः-०७७/०७८

च.नः-

४. **प्रवेशपत्र वितरणको मिति समय र स्थानः** प्रवेश परीक्षाको प्रवेशपत्र तोकिएको परीक्षा केन्द्रबाट वितरण गरिनेछ । प्रवेशपत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता र Online आवेदन सम्पन्न गरेपछि प्राप्त गरेको Confirmation email वा Submission ID लिई स्वयम उपस्थित हुनु पर्नेछ । सम्बन्धित परीक्षार्थीले नागरिकता र Confirmation email वा Submission ID पेश गरि प्रमाणिकरण गरे पश्चात मात्र परीक्षार्थीलाई प्रवेशपत्र प्रदान गरिनेछ ।

५. **प्रवेश परीक्षाको मिति समय र स्थानः** प्रवेश परीक्षा २०७८ श्रावण १६ गते शनिवार भौतिक रुपमा पोखरामा सञ्चालन गरिनेछ । प्रवेश परीक्षा हुने स्थान तथा अन्य थप जानकारी www.gandakiuniversity.edu.np मा पछि प्रकाशन गरिनेछ ।

६. **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क (९०%) तथा SEE (५%) र 10+2 (५%) को योगको आधारमा मेरिट लिष्ट तयार गरिनेछ । मेरिट लिष्टको आधारमा मात्र विधार्थी भर्ना हुनेछन् ।

७. **भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरुः** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरुः

क) पासपोर्ट साइजको फोटो (तिन प्रति) (अनलाईन आवेदन साथ संलग्न गरेको फोटो नै हुनु पर्नेछ)

ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र .

ग) SEE/SLC को सक्कललब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र (Character certificate)

घ) प्रविणता प्रमाणपत्र/ 10+2को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र (Character certificate)

ङ) प्रविणता प्रमाणपत्र/ 10+2को सक्कल स्थायी प्रमाणपत्र (Original/Provisional Certificate)

च) Equivalent (सम्कक्षता) निर्धारण प्रमाणपत्र (नेपाल बाहिरका विश्वविद्यालय वा संस्थाबाट उत्तीर्ण गरेकाहरुको लागि मात्र)

छ) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्बन्धित निकायको सक्कल सिफारिस पत्र

ज) प्रवेश परीक्षाको सक्कल प्रवेशपत्र ।

# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सः-०७७/०७८

च.नः-

**पुनश्चः** भर्ना हुन आउदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समय भित्रभर्ना दस्तुर डीन कार्यालय वा विश्वविद्यालयको केन्द्रिय कार्यालयको लेखा शाखामा दाखिला गरि आवेदक वा अभिभावक स्वय उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । अनलाईन आवेदन साथ पेश गरेको जानकारी, कागजात र प्रमाणपत्रहरुलाई सफल परीक्षार्थीले भर्नाको बखत साथमा ल्याईएको सक्कल कागजात र प्रमाणपत्रहरुको आधारमा रुजु गरिनेछ । कुनै कागजात अपुग वा विवरण झुटो ठहरिएमा त्यस्ता आवेदकलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन् ।

८. Merit List को भर्ना सकिएपछि अन्य कोटाहरुको भर्ना सूचि एकै पटक प्रकाशन गरिनेछ । स्थान रिक्त भएमा सबै कोटाका लागि ३ पटकसम्म नामावली प्रकाशन गरिनेछ । यदि तेश्रो पटक प्रकाशन गरिएको नामावलीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरी भर्ना लिइनेछ ।

९. प्रवेश परीक्षामा उत्तीर्ण भई विश्वविद्यालय विकास शुल्क (University Development Fund) वा UDF अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकेको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । यस सम्बन्धी आवेदन विश्वविद्यालयले भर्नाको समयमा सूचना प्रकाशन गरि आवाहन गर्ने छ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा BIT र BSM मा भर्ना हुनका लागि आवश्यक शुल्क पछि प्रकाशित गरिने छ ।

१०. प्रदेशीक, छात्रा, दलित, जनजाति, मधेसी र स्टाफ कोटा अन्तर्गत विद्यार्थीहरुका लागि केही कोटा छुट्याइएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सो प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट SEE/SLC परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुदा उक्त कोटामा भर्ना हुन इच्छुक भएमा आवेदकले आफूले SEE/SLC अध्ययन गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र Online आवेदन दिदा नै संलग्न गर्नुपर्ने छ र भर्ना हुन आउदा उक्त प्रमाणपत्र सक्कलै पेश गर्नुपर्नेछ अन्यथा उक्त कोटामा निज आवेदकको भर्ना अयोग्य हुनेछ

# गण्डकी विश्वविद्यालय

## गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सः-०७७/०७८

च.नः-

। साथै, त्यस्ता विद्यार्थीहरुको संख्या अपुगभएमा मात्र अन्य विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा निर्धारित कोटामा भर्ना लिइनेछ ।

**क) स्टाफ कोटाः** सम्बन्धित शिक्षक कर्मचारी वा आवेदकको नाता खुलेको श्रीमान/श्रीमती छोरा-छोरी नाता प्रमाणित हुने गरि सिफारिस पत्र र नागरिकता प्रमाणपत्र वा गण्डकी विश्वविद्यालयको सम्बन्धीत निकायको सिफारिस पत्र अनलाईन आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ । उक्त कोटामा भर्ना हुन आवेदन दिइनेहरु मध्ये निर्धारित कोटामा मेरिटको आधारमा भर्ना लिइनेछ । यो सुबिधा २ सन्तानलाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायबाट प्राप्त गरेको पनि गणना गरिनेछ ।

**११.** गण्डकी विश्वविद्यालयमा नाम दर्ता (GU Registration) गर्नुपर्ने हुदाँ Migration Certificate को सक्कलै प्रति भर्ना हुन आउदा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । भर्नाको समयमा Migration Certificate नबुझाएमा सम्बन्धित विद्यार्थीलाई भर्ना गर्न संकाय/विश्वविद्यालय बाध्यहुने छैन, साथै सो को जिम्मेवारी विद्यार्थी आफै हुने छ ।

**१२.** विद्यार्थीलाई छात्रावास उपलब्ध गराउन विश्वविद्यालय बाध्य हुने छैन ।

**१३.** संकायको शैक्षिक वातावरण सुदृढ गर्नाका लागि भर्नाको समयमा अभिभावकको रोहवरमा सहमति पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

थप जानकारीको लागि यस विश्वविद्यालयको सूचना पाटी वा www.gandakiuniversity.edu.np मा हेर्न वा admission@gandakiuniversity.edu.np बाट ईमेल मार्फत प्राप्तगर्न सकिनेछ ।